# बाँफिकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## बाँफिकोट, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

२०७३

Website-www.banphikotmun.gov.np
Email :-ito.banphikotmun@gmail.com

प.स.:- २०८३/०८४
चलानी नं:- १५६

मिति: २०८३।५।१५।

**विषय: व्यवसाय / फर्म / संस्था / परामर्शदाता तथा आपूर्तिकर्ता सूचीकृत हुने सम्बन्धी सार्वजनिक सूचना**

सार्वजनिक खरीद ऐन, २०६३ को दफा ९५ तथा सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १८ बमोजिम बाँफीकोट गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय तथा अन्तर्गतका विषयगत शाखा, वडा कार्यालयहरू र स्वास्थ्य संस्थाहरूका लागि **आर्थिक वर्ष २०८३/०८४** मा आवश्यक पर्ने निर्माण कार्य, मालसामान आपूर्ति, परामर्श सेवा तथा अन्य सेवा सम्बन्धी कार्यहरू गराउनका लागि इच्छुक दर्तावाल फर्म, कम्पनी, ठेकेदार, संस्था, आपूर्तिकर्ता तथा परामर्शदाताहरूलाई यस गाउँपालिकामा सूचीकृत (Enlistment) हुनका लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ। तसर्थ, योग्यता पुगेका इच्छुक फर्म, आपूर्तिकर्ता, निर्माण व्यवसायी तथा परामर्शदाताहरूले यो सूचना प्रकाशन भएको मितिले ३५ (पैंतीस) दिनभित्र (अर्थात् **मिति २०८३/०६/१९ गते कार्यालय समयभित्र**) देहाय अनुसारका कागजातहरू संलग्न गरी कार्यालयमा वा कार्यालयको आधिकारिक इमेलमार्फत निवेदन पेस गर्नुहुन अनुरोध गरिन्छ।

**१. सूचीकृत हुन सकिने मुख्य कार्य क्षेत्रहरू (Categories):**

1. **निर्माण कार्य (Construction Works):**
   भवन, सडक, खानेपानी, सिँचाइ, मर्मत सम्भार, खेलकुद मैदान निर्माण तथा सानाधिना निर्माण सम्बन्धी कार्यहरू।
2. **मालसामान तथा जिन्सी आपूर्ति (Goods Supply):**
   कार्यालय सामान, स्टेसनरी, प्रिन्टिङ, फर्निचर तथा फिक्चर्स, इलेक्ट्रोनिक्स तथा कम्प्युटर, औषधि तथा स्वास्थ्य सामग्री, कृषि तथा पशु विकास सामग्री, निर्माण सामग्री, विद्युतीय सामग्री इत्यादि।
3. **परामर्श सेवा (Consultancy Services):**
   विस्तृत परियोजना प्रतिवेदन (DPR) तयारी, सर्भे, डिजाइन, नक्साङ्कन, वातावरणीय अध्ययन (IEE/EIA), सफ्टवेयर विकास, तालिम/प्रशिक्षण सञ्चालन, अनुगमन तथा मूल्याङ्कन।
4. **अन्य सेवा तथा मर्मत सम्भार (Other Services):**
   सवारी साधन तथा मेशिनरी औजार मर्मत, ढुवानी सेवा, क्याटरिङ तथा आतिथ्यता, विज्ञापन/सूचना प्रकाशन, पत्रपत्रिका तथा छपाई सेवा।

लेखक खड्का
निमित्त प्रमुख प्रशासकिय अधिकृत

बाँफिकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बाँफिकोट, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

Website-www.banphikotmun.gov.np
Email :-ito.banphikotmun@gmail.com

प.स.:- २०८३/०८४
चलानी नं:-

**२. निवेदन साथ संलग्न गर्नुपर्ने आवश्यक कागजातहरू:**

1. फर्म / कम्पनी / संस्था दर्ता प्रमाणपत्रको प्रमाणीकृत प्रतिलिपि।
2. नवीकरण भएको स्थायी लेखा नम्बर (PAN) वा मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाणपत्रको प्रतिलिपि।
3. आर्थिक वर्ष २०८२/०८३को कर चुक्ता प्रमाणपत्र (Tax Clearance Certificate) को प्रतिलिपि।
4. सम्बन्धित कार्य गर्ने इजाजतपत्र/लाइसेन्स (लागु हुने क्षेत्रका लागि, जस्तै: निर्माण व्यवसायी इजाजतपत्र)।
5. सञ्चालक / प्रोप्राइटरको नागरिकताको प्रतिलिपि।
6. फर्मको प्रोफाइल (Firm Profile) वा कार्य अनुभव सम्बन्धी विवरण (परामर्श सेवा तथा निर्माण कार्यका लागि)।

**३. ध्यान दिनुपर्ने थप शर्तहरू:**

- म्याद नाघी प्राप्त भएका वा आवश्यक कागजात संलग्न नभएका निवेदनहरू उपर कुनै कारबाही गरिने छैन।
- सार्वजनिक खरीद ऐन/नियमावली बमोजिम कालोसूचीमा परेका फर्म/कम्पनीहरू सूचीकृत हुन योग्य मानिने छैनन्।
- सूचीकृत हुँदैमा कार्यालयको सम्पूर्ण खरीद कार्य सोही फर्मबाटै गराउनुपर्ने बाध्यता रहने छैन। सार्वजनिक खरीद ऐन तथा नियमावली बमोजिम नियमानुसार कोटेशन तथा बोलपत्रको माध्यमबाट खरीद प्रक्रिया अघि बढाइनेछ ।
- तोकिएको म्याद भित्र बाँफिकोट गाउँपालिकाको इमेल ito.banphikotmun@gmail.com मा निवेदन सहित सबै कागजात एउटै मर्जड पि डि एफ फाइल बनाइ पेश गर्न सकिनेछ ।

..............................
लेखक खड्का
प्रमुख प्रशासकीय अधिकृत

लेखक खड्का
निमित्त प्रमुख प्रशासकिय अधिकृत

*अनुसूची-२क.

(नियम १८ को उपनियम (१) सँग सम्बन्धित)

**मौजुदा सूचीमा दर्ता हुनका लागि दिइने निवेदनको ढाँचा**

श्री कार्यालय प्रमुखज्यू                                        मिति.....................

.................................कार्यालय

................................ ।

विषयः मौजुदा सूचीमा दर्ता गरी पाउँ।

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ को उपनियम (१) बमोजिम तपशिलमा उल्लिखित विवरण अनुसारको पुष्ट्याईं गर्ने कागजात संलग्न गरी मौजुदा सूचीमा दर्ता हुन यो निवेदन पेश गरेको छु।

तपशिलः

| | |
|---|---|
| १. मौजुदा सूचीको लागि निवेदन दिने व्यक्ति, संस्था, आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवा प्रदायकको विवरणः | |
| (क) नामः | (ख) ठेगानाः |
| (ग) पत्राचार गर्ने ठेगानाः | (घ) मुख्य व्यक्तिको नामः |
| (ङ) टेलिफोन नं. | (च) मोवाईल नं. |
| २. मौजुदा सूचीमा दर्ता हुनको लागि निम्न बमोजिमको प्रमाणपत्र संलग्न गर्नुहोला। | |
| (क) संस्था वा फर्म दर्ताको प्रमाणपत्र छ ☐ छैन ☐<br>(ख) नविकरण गरिएको छ ☐ छैन ☐<br>(ग) मूल्य अभिवृद्धि कर वा स्थायी लेखा नम्बर दर्ताको प्रमाणपत्र छ ☐ छैन ☐<br>(घ) कर चुक्ताको प्रमाणपत्र छ ☐ छैन ☐ | |

* चौथो संशोधनद्वारा थप।



www.lawcommission.gov.np

| | | | |
|---|---|---|---|
| (ङ) कुन खरिदको लागि मौजुदा सूचीमा दार्ता हुन निवेदन दिने हो, सो कामको लागि इजाजत पत्र आवश्यक पर्ने भएमा सो को प्रतिलिपि छ ☐ छैन ☐ | | | |
| ३. सार्वजनिक निकायबाट हुने खरिदको लागि दर्ता हुन चाहेको खरिदको प्रकृतिको विवरण : | | | |
| (क)मालसामान आपूर्तिः<br>(मालसामानको प्रकृति समेत उल्लेख गर्ने) | | (ख) निर्माण कार्यः | |
| (ग) परामर्श सेवाः<br>(परामर्श सेवाको प्रकृति समेत उल्लेख गर्ने) | | (घ) अन्य सेवाः<br>(अन्य सेवाको प्रकृति उल्लेख गर्ने) | |
| निवेदन दिएको मितिः<br>आ. व. | फर्मको छापः | | निवेदकको नामः<br>हस्ताक्षरः |